आज मिति २०७७।०३।१६ गते मंगलबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

### मिति २०७७।०३।१६

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) यस न.पा.को. मिति २०७७।०३।१३ को कार्यपालिका बैठकमा छलफल भै निर्णय भएका विषयगत शाखाहरुको लागि विनियोजित वजेट र यस आ.व.मा सम्झौता हुन नसकि आगामी आ.व.२०७७।०७८ मा सार्नु पर्ने वडा तथा नगरस्तरिय आयोजनाहरुको रकम यकिन गरी तयार गरिएको अनुमानित बजेटमा थप छलफल गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश नक्टाझिज, धनुषाको गाडि मर्मत वापतको बील रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.३) यस न.पा.को स्वास्थ्य शाखा अन्तर्गतका कर्मचारीहरुलाई श्री जनता मा.वि. नक्टाझिजमा संचालित क्वारेन्टिजमा काज खटिए वापत न.पा.को आन्तरिक स्रोतबाट थप सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा यस न.पा.को. मिति २०७७।०३।१३ को कार्यपालिका बैठकमा छलफल भै निर्णय भए बमोजिम यस आ.व.मा सम्पन्न हुन नसकि आगामी आ.व.२०७७।०७८ मा सार्ने वा संशोधन गर्नुपर्ने वडा तथा नगरस्तरिय आयोजनाहरुको प्राप्त विवरणहरुमा आवश्यक छलफल गरि विनियोृजन गर्नुपर्ने बजेट रकम यकिन गरीयो साथै आगामी आ.व.मा विनियोजन गर्नुपर्ने अन्य खर्च शिर्षकहरुका सम्बन्धमा समेत आवश्यक छलफल गरि बजेट रकम यकिन गरियो ।

हालसम्मको छलफलबाट यकिन भए बमोजिम बजेट विवरण तयार गरी मिति २०७७।०३।१८ मा हुने कार्यपालिकाको बैठकबाट अन्तिम रुप प्रदान गर्ने र उक्त बजेट नगरसभाको बन्द सत्रमा थप छलफलको लागि पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश नक्टाझिज, धनुषाको च.नं.११८ मिति २०७७।०३।१६ को पत्रबाट सवारी साधन मर्मतको लागि इष्टिमेट बमोजिम लाग्ने रु.५१,६००।- सहयोग गरिदिनु हुन भनी अनुरोध भएकोमा उक्त कार्यको लागि यस न.पा.को सवारी साधन मर्मत शिर्षकबाट रु.३०,०००।- (अक्षरेपी तीस हजार मात्र) सहयोग गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा यस न.पा.को स्वास्थ्य शाखा अन्तर्गतका कर्मचारीहरुले यस न.पा.मा थप सुविधाको लागि मिति २०७७।०३।१७ मा निवेदन पेश गर्नु भएकोमा यस न.पा.को वडा नं.२ नक्टाझिज स्थित श्री जनता मा.वि. मा संचालित क्वारेन्टिनमा काज खटिएका स्वास्थ्यकर्मीहरु र स्वीपरहरुलाई स्वास्थ्य मन्त्रालयको निर्देशिका बमोजिम साविक पाइरहेको प्रोत्सहान भत्ताका अतिरिक्त दैनिक रु.६००।- (अक्षरेपी छ सय मात्र) थप भत्ता उपलब्ध गराउने साथै यस अवधिमा क्वारेन्टिजमा काज खटिएका कर्मचारीहरु कोभिड-१९ बाट संक्रमित भएमा सोको उपचारको लागि नेपाल सरकार/प्रदेश सरकार वा अन्य निकायबाट व्यहोरिने खर्चमा नपुग हुने उपचार खर्च समेत व्यहोर्ने निर्णय पारित गरियो ।